बैठक नं. २०७५/७६/२१

मितिः २०७६/०२/३१

समयः बिहान ८ बजे

आज मिति २०७६ साल जेठ ३१ गते मायादेवी गाउँपालिका रुपन्देहीका अध्यक्ष श्री ध्रुव नारायण चौधरी ज्यूको अध्यक्षतामा तपशिल बमेजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपशिल बमोजिमको निर्णय गरियो ।

<u>तपशिल</u>

| | |
|---|---|
| अध्यक्ष श्री ध्रुव नारायण चौधरी | अध्यक्ष |
| उपाध्यक्ष श्री तारा देवी यादव | उपाध्यक्ष |
| वडाध्यक्ष श्री पल्टु लोध | सदस्य |
| वडाध्यक्ष राम नारायण थारु | सदस्य |
| वडाध्यक्ष श्री मोहम्मद रफिक खाँ | सदस्य |
| वडाध्यक्ष श्री धनपाल मल्लाह | सदस्य |
| वडाध्यक्ष श्री रामचन्द्र यादव | सदस्य |
| वडाध्यक्ष श्री राजेन्द्र यादव | सदस्य |
| वडाध्यक्ष श्री रामाशंकर यादव | सदस्य |
| वडाध्यक्ष श्री चोक बहादर मगर | सदस्य |
| श्री जसोदा कोहाइन | सदस्य |
| श्री रीना चौधरी | सदस्य |
| श्री सकुन्तला बनिया अग्रहरी | सदस्य |
| श्री सीता देवी बिश्वकर्मा | सदस्य |
| श्री विक्रम बहादुर सुनार | सदस्य |
| श्री अशोक कुमार लोध | सदस्य |
| श्री रविन अधिकारी | सदस्य सचिव |

आमन्त्रित

| | |
|---|---|
| श्री नारायण प्रसाद आचार्य | शाखा अधिकृत (आठौं तह) |
| श्री ओमेश कुमार गैरे | लेखा अधिकृत |
| श्री निरञ्जन गसा | नायब सुब्बा |

<u>निर्णयहरु</u>

निर्णय नं. १

मायादेवी गाउंपालिका रूपन्देहीको आन्तरिक आय संकलन सडक मर्मत तथा वातावरण शुल्क उठाउने (ठेक्का बन्दोबस्त) सम्वन्धी १५ दिने सिलवन्दी दरभाउपत्र आह्वान सम्वन्धी सूचना निकाल्ने निर्णय गरियो ।

न्युनतम ठेक्का अङ्क

ठे.नं. १ मायादेवी ४ पेपरमिल नाका न्यूनतम अंक रू ८,०५,५००/- (आठलाख पाँचहजार पाँचसय मात्र)

ठे.नं. २ मायादेवी ३ र ६ सिद्धार्थ नाका (बरेवा गुरवनिया) अंक रू २५,५१,२००/- (पच्चिसलाख एकाउन्नहजार दुईसय मात्र)

ठे.नं. ३ मायादेवी ५ गोयनका नाका न्यूनतम अंक रू. १२,५१,०००/- (बाह्लाख एकाउन्नहजार मात्र)

ठे.नं. ४ मायादेवी ७ बनगाई नाका न्यूनतम अंक रू. २,६०,०००/- (दुईलाख साठीहजार मात्र)

ठे.नं. ५ मायादेवी ७ र ८ मर्चहवा विश्वकर्मा नाका न्यूनतम अंक रू. १७,००,०००/- (सत्र लाख मात्र)

ठे.नं. ६ मायादेवी १ धमौली सडक न्यूनतम अंक रू. २,००,०००/- ( दुईलाख मात्र)

ठे.नं. ७ मायादेवी २ महदेवा सडक न्यूनतम अंक रू. ३,००,०००/- ( तीनलाख मात्र)

ठे.नं. ८ मायादेवी ६ नौकट्टी सडक नाका न्यूनतम अंक रू. १,००,०००/- ( एकलाख मात्र)

ठे.नं. ९ मायादेवी ७ बनगाई-गोनाहा सडक न्यूनतम अंक रू. ५००,०००/- ( पाँचलाख मात्र)

निर्णय नं. २

मायादेवी गाउंपालिका २ नं. वडा कार्याको च.नं. १२२१ मिति २०७६/०२/१९ गतेको पत्रबाट प्राप्त पत्रबाट ऐ.ऐ. बस्ने बर्ष ६५ को छेदी प्रसाद चाईको आगलागिबाट क्षति भएकोमा रु. २५,०००/- अक्षरेपी रु. पच्चिसहजार मात्र आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो । साथै ८ नं. वडा कार्यालयमा भएको बस दुर्घटनामा परेका व्यक्तिहरुलाई ६५०००/- अक्षरेपी रु. पैसट्ठी हजार बिल भर्पाईको आधारमा राहात उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३

मायादेवी गाउँपालिका अन्तरगत रहेका ८ आठ वटै वडा कार्यालयहरुमा प्रत्येक वडा कार्यालयलाई १,२५,००,०००/- अक्षरेपी रु. एककरोड पच्चिसलाख मात्रको वडास्तरिय योजना/कार्यक्रम तर्जुमा गर्न बजेट सिमा निर्धारण गर्ने निर्णय गरियो । साथै प्रत्येक वडामा थप रु. ७५,००,०००/- अक्षरेपी रु पचहत्तरलाख बराबरको एउटा/दुईवटा/ ठोस योजना गाउँपालिकाबाट सञ्चलन हुने गरि वडाले गाउँपालिकास्तरिय योजना तथा कार्यक्रम माग गर्ने निर्णय गरियो । साथै वडास्तरमा माग गरिएका योजना तथा कार्यक्रमहरु वडा कार्यालयले प्राथमिकिरणका आधारमा छनौट गरि गाउँपालिकामा सिफारिस

गर्ने निर्णय गरियो । साथै योजना तथा कार्यक्रम सिफारिस गर्दा तपसिल बमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| पूर्वाधार विकास | -५०% | आर्थिक विकास | -२०% |
| सामाजिक विकास | -२०% | वातावरण तथा विपद व्यवस्थापन | -५% |
| सुशासन तथा संस्थागत विकास | -५% | | |

निर्णय नं. ४

अगामी आ.ब.२०७६/०७७ सालको नीति तथा कार्यक्रम २०७६ असार ६ गते, गाउँसभा सञ्चालन ९ गते तथा १० गते आ.ब. २०७६/७७ सालको बार्षिक बजेट घोषणा गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

चालु आर्थिक बर्षमा कार्यान्वयनमा रहेका गाउँपालिका तथा वडास्तरिय योजना तथा कार्यक्रमहरुको म्याद २०७५/०२/१५ गतेसम्म रहेकोमा हालसम्म पनि कतिपय योजनाहरुको भुक्तानी लिन बाँकी रहेकोले अगामी २०७५/०३/१० गतेभित्र सम्पुर्ण किसिमका योजनाहरु सम्पन्न गरि भुक्तानी लिने लिनको लागि सिफारिस गर्ने  निर्णय गरियो ।

निर्णय नं. ६

अगामी महिनादेखी प्रत्येक महिनाको ०६ गते गाउँकार्यपालिकाको नियमित मासिक बैठक बस्ने निर्णय गरियो ।

तारा देवी